**छेडागाड नगरपालिकाको अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका, २०८०**

**प्रस्तावनाः**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत अस्पतालबाट आफ्नै फार्मेसी सेवा संचलान गरी बिरामी एंव सेवाग्राहीहरुलाई सुलभ एंव गुणस्तरीय सेवा पुर्याउन सुशासन व्यवस्थापन तथा संचालन ऐन,२०६४ को दफा ४५ तथा स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ११ को उपदफा २ को झ ९ ले दिएको अधिकार प्रयोग गरी नगरउँ कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस निर्देशिकाको नाम छेडागाड नगरपालिका अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका २०८० रहनेछ ।

२) यस निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१) "नगरपालिका" भन्नाले छेडागाड नगरपालिकालाई सम्झनु पर्दछ ।

२) "अस्पताल" भन्नाले सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम संचलानमा रहेको सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ ।

३) "फार्मेसी सेवा" भन्नाले अस्पतालहरुमा संचालनमा रहेका वा संचालन गरिने औषधि तथा औषधिजन्य पदार्थ वा सामग्रीहरु दिईने सेवा सम्झनु पर्दछ ।

४) "समिति" भन्नाले दफा ३ बमोजिक गठित अस्पताल फार्मेसी समिति सम्झनु पर्दछ ।

५) "अस्पताल फर्मुलरी" भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य पदार्थ वा सामग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्नेछ ।

६) "सरकार" भन्नाले संघ, प्रदेश तथा स्थानीय सरकारलाई सम्झनु पर्दछ ।

**३. अस्पताल फार्मेसी संचालन समितिः**

१) अस्पताल फार्मेसी व्यवस्थित रुपमा संचालन गर्न, गराउन देहाय बमोजिमको फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

क) सामाजिक विकास समिति संयोजक: अध्यक्ष

ख) अस्पताल व्यवस्थापन समिति अध्यक्ष: सदस्य

ग) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख: सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख: सदस्य

ङ) अस्पताल हेर्ने फोकल पर्सन: सदस्य

च) अस्पताल फार्मेसी प्रमुख: सदस्य

छ) अस्पताल प्रमुख (चिकित्सक) : सदस्य सचिव

२) उपदफा (१) बमोजिमको समितिका अन्य काम,कर्तव्य र अधिकार अस्पताल फार्मेसी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिमको समितिले बैठक संचालन सम्बन्धी कार्यविधि अस्पताल फार्मेसी संचालक समिति आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**४. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार :** फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) समितिका निर्णयहरु कार्यन्वयन गर्ने, गराउने ।

ख) समितिको बैठकका लागि प्रस्तावना तयार गरी पेश गर्ने ।

ग) अस्पतालमा प्रयोग गर्ने औषधीको सूची तयार गर्ने गराउने ।

घ) क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

ङ) मातहतका कर्मचारीको सुपरिवेक्षण गर्ने ।

च) नियमित मौज्दात तथा म्याद गुज्रने मिति नजिक भएका औषधीहरुको रुजु गरी बिक्री व्यवस्थापन गर्ने गराउने ।

छ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**५. औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद प्रक्रियाः** औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद गर्दा सार्वजिनक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद निमावली,२०६४ बमोजिमको प्रक्रिया अबलम्बन गरी गर्नुपर्नेछ ।

**खरिद समिति**

क.प्रमूख प्रशासकीय अधिकृत: संयोजक

ख.जिन्सी शाखा प्रमुख: सदस्य

ग.अस्पताल हेर्ने फोकल पर्सन: सदस्य

घ.फार्मेसी सहायक: सदस्य

ङ.अस्पताल प्रमुख: सदस्य सचिव

नोटः औषधि खरिद गर्दा आत्यवश्यक अवस्था वाहेक अन्य अवस्थामा प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्नेछ ।

**६. औषधी र औषधीजन्य पदार्थको विक्री मूल्यः**

१) औषधी र औषधीजन्य पदार्थको विक्री मूल्यनिर्धारण गर्दा खरिद मूल्यमा बीस प्रतिशत वा सो भन्दा बढि तर, यसरी बिक्री मूल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्य (Maximum Retail Prize,MRP) भन्दा बढी हुनु हुँदैन ।साथै औषधि विक्रि गर्दा (Maximum Retail Prize,MRP) मा १०% छुट गरि बिक्रि गर्नुपर्नेछ ।

**७. अस्पताल फार्मेसीका लागी जनशक्तिः**

१) अस्पतालले फार्मेसी संचालनको लागि स्थायी जनशक्ति व्यवस्था गर्नुपर्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भएतापनि स्थायी जनशक्ति उपलब्ध नहुनजेलसम्मका लागि वैकल्पिक व्यवस्थाबाट फार्मेसी संचालन गर्न बाधा पर्नेछैन ।

३) स्थायी जनशक्ति नेपाल स्वास्थ्य सेवाबाट र अन्य आवश्यक जनशक्ति अस्पतालले प्रचलित नियमानुसार पुर्ती गर्नेछ ।

४) अस्पताल संचालनका लागि कम्तिमा देहाय बमोजिमको जनशक्ति रहनेछ ।

| क्र. सं. | अस्पताल/स्वास्थ्य संस्था | क्लिनिकल/फर्मासिष्ट | फर्मासिष्ट | फार्मेसी सहायक | सहयोगी |
|---|---|---|---|---|---|
| १ | १५ शैयासम्मका अस्पताल | - | - | १ | |

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि क्लिनिकल फर्मासिष्ट भन्नाले क्लिनिकल फार्मेसी वा फर्मासिउटिकल केयरमा स्नातकोत्तर वा वि. फार्मेसी पछिको फर्मा डी गरेकोलाई सम्झनु पर्छ ।

५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएता पनि अस्पताल फार्मेसीले अस्पतालको शैया, कार्य बोझ र दैनिक कारोबारका आधारमा जनशक्तिमा थपघट गर्न सक्नेछ तर, यसरी दरबन्दी थप गर्दा पनि प्रति दश हजार रुपैंया प्रति दिनको कारोबारमा एक जना भन्दा बढी थप गर्न सकिने छैन। मासिक कारोबार घटेको अवस्थामा थप दरबन्दी स्वत खारेज हुनेछ ।

**८. अस्पताल फार्मेसीको भौतिक पूर्वाधारः**

१)अस्पतालले फार्मेसी संचालनको लागि औषधी बिक्री वितरणको लागि आवश्यक औषधी वितरण कक्ष र भण्डारणको लागि प्रयाप्त ठाउँको व्यवस्था गर्नु पर्नेछ ।

२)औषधी वितरण कक्ष ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र प्रयाप्त भेण्टिलेसन भएको हुनु पर्नेछ ३) औषधी तथा औषधीजन्य पदार्थको लेबलमा तोकिएको सञ्चय तापक्रम अनुकूल भण्डारण गर्नु पर्नेछ ।

४) फार्मेसी संचालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनुपर्दछ र सम्भव भए सम्म अस्पतालको अगाडीको भागमा हुनुपर्दछ । आवश्यकता अनुसार एक भन्दा बढी फार्मेसी संचालन गर्न सकिनेछ ।

५ ) बिरामीलाई परामर्श दिने उपयुत्त व्यवस्था मिलाउनु पर्नेछ ।

६) बिक्री वितरणका लागि अनुपयुक्त वा फराकाउनु पर्ने वा म्याद गुर्ज्रेका वा नष्ट गर्नुपर्ने औपधी तथा औषधीजन्य सामग्री असम्बन्धित व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारको व्यवस्था मिलाउनु पर्नेछ ।

६) औषधी पुर्जा लिने, डिस्पेन्सन गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँ उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

७) औषधी वा औषधीजन्य सामग्रीको मौज्दात खपत अभिलेख विजकीकरण, औषधीको सूचना, लेभर औषधी सम्बन्धी समस्याहरुको जानकारी आदी संलग्न भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्यूटरको माध्यामबाट गर्नुपर्नेछ ।

८) नेपाल सरकारबाट प्रदान गरिने निःशूल्क औषधीहरु वा औषधीजन्य सामग्रीहरुको सूची सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ ।

९) अस्पताल फार्मेसी संचालनका अन्य पक्ष प्रचलित कानून बमोजिम हुनेछ ।

१०) अस्पतालबाट निःशूल्क प्रदान गरिने औषधीहरु र सो बाहेकका औषधीहरु स्पष्ट छुटिने गरी फार्मेसीमा राख्नुपर्नेछ ।

११) अस्पताल परिसरमा औषधीको व्यापारिक प्रवर्द्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाईनेछैन। तर, औषधीको वैज्ञानिक प्रस्तुती गर्नुपर्दा सामुहिक सहभागिता हुने गरी सभा सम्मेलनको रुपमा समितिको स्वीकृतिमा संचलान गर्न बाधा पुग्ने छैन ।

**९. बिउ रकम (Seed Money) उपलब्ध गराउनेः**

१) सरकारले अस्पताल फार्मेसी संचालनका लागि बिउ रकम उपलब्ध गराउन सक्नेछ ।

२) सरकारले आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

**१०. निःशूल्क वितरण गरिने औषधी सम्बन्धमाः**

१) नेपाल सरकारबाट निःशूल्क वितरण गर्ने भनि तोकिएको औषधी अस्पतालमा फार्मेसीले निःशूल्क उपलब्ध गराउनु पर्नेछ ।

२) निःशूल्क वितरणका लागि तोकिएका औषधी र औषधीजन्य सामग्री पदार्थको आवश्यकता अनुसार सरकारबाट प्रदान गरिने गर्ने अनुदान रकम वा औषधी खरिदका लागि प्राप्त रकमबाट खरिद गर्नुपर्नेछ ।

३) कारणबस निःशूल्क वितरण गरिने औषधीको मौज्दात नभएको अवस्थामा त्यस्तो औषधी निःशूल्क गराउन फार्मेसी बाध्य हुने छैन तर, निः शूल्क वितरण हुने औषधी र औषधीजन्य सामग्रीको मौज्दान नभएको जानकारी सम्बन्धित बिरामीको प्रेस्क्रिप्सनमा फार्मेसीले जनाईदिनुपर्नेछ ।

४) सरकारी अस्पतालहरुले निःशूल्क औषधीहरु मौज्दातमा नभएमा पनि अति गरिब र असहाय बिरामीलाई निःशूल्क दिने व्यवस्था गर्नुपर्नेछ । र यो सेवा प्राप्त गर्ने बिरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**११. निःशूल्क औषधी प्राप्तको विवरणः**

१) सबै अस्तालहरुले कुनैपनि निःशूल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीबाट बोनस स्वरुप प्राप्त भएका औषधी र औषधीजन्य सामग्रीहरु निःशूल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

२) औषधी र औषधीजन्य सामग्रीहरु निःशूल्क प्राप्त गर्दा अस्पताल फर्मुलरीमा सूचीकृत औषधीहरुमा आधारित भई औषधि दान वा उपहार प्राप्त गर्न सकिनेछ । यसका अतिरिक्त औषधी व्यवस्थापन विभागले तोकेको वा विश्व स्वास्थ्य संगठनको औषधी दान वा उपहार प्राप्त गर्ने सम्बन्धी निर्धारित मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

**१२. आर्थिक व्यवस्थापनः** १) फार्मेसी सँग सम्बन्धीत सम्पूर्ण आर्थिक कारोवार नगर अस्पतालको खाताबाट संचालन हुनेछन्।

२) उपदफा (१) बमोजिमको खातामा देहाएका रकम जम्मा हुनेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम

ख) दैनिक बिक्रीबाट प्राप्त रकम

ग) नगरपालिकाबाट प्राप्त रकम

३) फार्मेसी संचालन समितिको सिफारिस र समितिको निर्णय बिना उपदफा (१) बमोजिमको खातामा रकम अन्य प्रयोजनामा खर्च गरिने छैन ।

४) प्रत्येक दिनको कारोबार रकम सोही दिन अथवा भोलिपल्ट मध्यानसम्ममा बैंक दाखिला गरिसक्नुपर्नेछ ।

५) फार्मेसीमा काम गर्ने करारका कर्मचारीहरुको तलब भत्ता लगायतका खर्च उपदफा (१) बमोजिमको खाताबाट व्यहोर्नु पर्नेछ ।

६) औषधी बिक्रीको कुल रकमबाट मासिक रुपमा कम्तिमा दश प्रतिशत रकम अस्पतालको मूल खातामा जम्मा गर्नुपर्नेछ ।

**१३. आयव्ययको हिसाबः**

१) प्रत्येक आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र फार्मेसीको आयव्ययको हिसाब गरिनेछ ।

२) आयव्ययको हिसाब राख्दा नाफा भएको रकममध्ये नब्बे प्रतिशत रकम अस्पतालको मुल खातामा जम्मा गर्नु पर्नेछ ।

३) आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आन्तरिक लेखा परीक्षण गराईसक्नु पर्नेछ ।

४) अस्पताल फार्मेसीको लेखा परीक्षण महालेखा परीक्षणको कार्यालयबाट हुनेछ ।

५) प्रत्येक आर्थिक वर्षको अन्त्यमा फार्मेसी खरिद भएको अद्यावधिक परिमाण बिक्री भएको परिमाण तथा बाँकी परिमाणको सुन्तुलन परीक्षण तयार गर्नुपर्नेछ ।

**१४. ब्राण्ड तोकी सिफारिस गर्न नहुनेः** बिशेष औचित्य भएमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकी सिफारिस गर्नु हुदैन ।

**१५. अनुगमन तथ मुल्यांकन गरी प्रतिवेदन पठाउनु पर्नेः** अस्पतालमा फार्मेसी संचालनको अवस्था एंव उक्त सेवालाई प्रभावकारी रुपमा संचलान गर्नका लागि अस्पताल तथा स्वास्थ्य कार्यालयहरुले चौमासिक रुपमा अनुगमन तथा मुल्यांकन गरी सोको प्रतिवेदन गाउँपालिका तथा तालुक पदेशतथा संघीय मन्त्रालयको औषधी गुणस्तर निर्धारण शाखामा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

**१६. अस्पताल फर्मुलरी सम्बन्धी व्यवस्थाः** अस्पतालले अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

क) रोगीहरुको रोगको प्रकृति अनुसार अस्पतालका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री तथा पदार्थहरु औषधीको डोसेज फर्मको सूची अस्पताल फर्मुलरी अध्यावधिक गरि राख्नुपर्नेछ ।

ख) अस्पताल फर्मुलरीमा न्यूनतम जानकारीका रुपमा औषधीको सूची, औषधीको मात्रा, बनावट र क्षमता साथै सञ्चय सम्बन्धी निर्देशन हुनुपर्दछ । थप जानकारीका रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था, औषधीको नकारात्कता प्रभाव, औषधी सेवन गर्दा अपनाउनु पर्ने सावधानी, औषधीको तुलनात्मक मूल्य आदि विवरण समावेश गर्नुपर्ने ।

ग) अस्पताल फर्मुलरी तयार नभए सम्म औषधी तथा औषधिजन्य सामग्री तथा पदार्थको सूची तयार गरी कार्य गर्नुपर्ने ।

घ) अस्पताल फर्मुलरीमा अत्यावश्क औषधीको राष्ट्रिय सूचीमा समावेश भएका औषधीहरुलाई प्राथमिकता दिनुपर्ने ।

**१७. निजि अस्पताल सम्बन्धी बिशेष व्यवस्थाः**

१) नेपाल सरकारको स्वीकृति प्राप्त गरी संचालनमा रहेका निजी, सरकारी, सामुदायिक, शिक्षण लगायतका गैर सरकारी क्षेत्रका अस्पताललाई पनि अनिवार्य रुपमा यस निर्देशिका बमोजिम आफ्नै फार्मेसी सेवा संचालन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम अस्पतालको हकमा बिरामीहरुलाई प्रचलित मापदण्डका आधारमा अस्पतालमा आउने कुल बिरामी संख्याको दश प्रतिशत अति गरिब र असहाय बिरामीलाई निःशूल्क औषधी सहितको उपचार उपलब्ध गराउनु पर्नेछ ।

**१८. फार्मेसी सञ्चालन सम्बन्धी सफ्टवेयरः** प्रत्येक अस्पताल फार्मेसीले मन्त्रालयले तोके बमोजिमको एकरुपता कायम हुने सफ्टवेयरको प्रयोग गर्नु पर्नेछ यस्तो सफ्टवेयरमा एण्टीमाइक्रोवियल एंव लागूऔषधीको विवेकपूर्ण र अभिलेखिकरण समेत सुनिश्चित गरिनेछ ।

**१९. निर्देशन दिन सक्नेः** यस निर्देशिकामा उल्लेख गरिएका बाहेक सबै अस्पतालहरुलाई गाउँपालिका एंव तालुक प्रदेश तथा संघीय मन्त्रालय समयसापेक्ष फार्मेसी संचलान सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ सो निर्देशन पालना गर्नु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

**२०. प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ ।

**२१. दण्ड सजायः**

१) कसैले यस निर्देशिका विपरित कार्य गरेमा प्रचलित संघीय, प्रदेश तथा गाउँपालिका कानून बमोजिम सजाय हुनेछ ।

२) कसैले यस निर्देशिका विपरित कार्य गरेमा उपदफा (१) मा उल्लेख भएको सजायका अतिरिक्त गाउँपालिकाले कसूरको प्रकृति हेरी रु दश हजार देखि पचास हजार रुपैयासम्म जरिवान गरी थप कार्वाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकनेछ ।

**२२. संशोधन तथा हेरफेरः** यस निर्देशिकामा उल्लेख भएका कुनै विषयको संशोधन तथा हेरफेर नगरकार्यपालिकाले गर्न सकनेछ ।

आज्ञाले,
(गंग बहादुर रोकाय)
नि. प्रमुख प्रशासकीय अधिकृत